**पद: वाश सहजकर्ता**

**कार्य स्थान: पालिका कार्यालय (सदरमुकामका) साथै  विभिन्न योजना क्षेत्रहरूमा नियमित भ्रमण गर्नु पर्ने**

**सुपरभाइजर:     वाश संयोजक**

**रिपोर्टिङ:     वाश इकाई**

**जवाफदेहिता:     वाश ब्यबस्थापन समिति**

**शैक्षिक योग्यता: जनस्वास्थ्य वा अन्य सम्बन्धि बिषयमा प्रविणता प्रमाण-पत्र तह उतीर्ण**

व्यावसायिक अनुभव

- न्यूनतम ५ वर्ष ग्रामीण क्षेत्रहरूमा वाश, सामुदायिक स्वास्थ्य र मर्यादित महिनावारी व्यवस्थापन (DMM) मा कार्य अनुभव भएको
- दातृ निकायहरूको सहयोगमा संचालित कार्यक्रमहरू/आयोजनाहरू र स्थानीय सरकार अन्तर्गत काम गरेको अनुभव भएकोलाई ग्राह्यता

अन्य सीपहरू:

- नेपाली भाषामा लेखाई र बोलाईमा निपुण, कार्यक्षेत्रको स्थानीय भाषाहरूमा भाषिक दक्षता भएमा ग्राह्यता
- स्वतन्त्र रूपमा काम गर्ने क्षमता भएको
- सहजीकरण र राम्रो संचार कला भएको
- स्थानीय समुदायहरूसँग र बहु-सांस्कृतिक वातावरणमा काम गर्ने क्षमता भएको

कर्तव्य/जिम्मेवारी:

वाश सहजकर्ताले सम्बन्धित समुदायका सदस्यहरू, स्वास्थ्य संस्थाहरु र विद्यालयहरू, महिला स्वास्थ्य स्वयं सेविका, खानेपानी उपभोक्ता तथा सरसफाइ समितिहरु, वडा वाश समन्वय समितिहरु र पालिका वाश समन्वय समितिसँग नजिकको समन्वयमा काम गर्नेछ। सो व्यक्ति  तोकिएको वडाका घरपरिवार र विद्यालयहरूमा पूर्ण सरसफाइ र मर्यादित महिनावारी ब्यबस्थापनका गतिविधिहरू प्रवर्द्धन गर्न जिम्मेवार हुनेछ। वाश सहजकर्ताले वाश संयोजकको प्रत्यक्ष सुपरिबेक्षणमा निम्न कार्यहरू गर्नेछ।

१. सरसफाई र स्वच्छता प्रवर्द्धन

- शौचालय निर्माण, प्रयोग र मर्मतसम्भार, खानेपानी सुरक्षा योजना र हात धुने अभ्यासमा विशेष ध्यान दिई स्वास्थ्य, सरसफाइ तथा स्वच्छताका सवालहरू (व्यक्तिगत सरसफाइ, घरायसी/वातावरणीय सरसफाइ) मा उपभोक्ताहरूलाई उत्प्रेरित गर्ने

- घरेलु स्तरको भ्रमणहरू आयोजना गर्ने र बालबालिका र महिलाहरूको सरसफाइ र पोषण सम्बन्धि सवालहरूमा ध्यान केन्द्रित गर्ने; महिला र किशोरीहरूलाई महिनावारीको समयमा सरसफाइ तथा स्वच्छता सम्बन्धि व्यवहारहरुमा सचेत गराउने

- सबै तहका बैठकहरू, सुविधाहरूको मर्मत सम्भार, निर्माण/सामग्री गुणस्तरका सवालहहरू; सचेतना अभियान आदिमा सक्रिय सहभागिताका लागि समुदायहरूलाई उत्प्रेरित र प्रोत्साहित गर्ने

- बार्षिक कार्ययोजना अनुसार समुदायहरूलाई स्वास्थ्य र सरसफाइ सम्बन्धी तालिम/कार्यशाला संचालन गरि सहजीकरण गर्ने

- स्वास्थ्य संस्था र वडा/पालिका वाश समन्वय समितिहरुको सहयोगमा सरसफाइ र स्वच्छता सम्बन्धि सचेतना अभियानहरू आयोजना गरि सहजीकरण गर्ने

- पालिका/वडा वाश समन्वय समितिहरु/उपभोक्ता समितिहरु/आमा समुहहरुलाई पूर्ण सरसफाइ तथा मर्यादित महिनावारी ब्यबस्थापन सम्बन्धि तालिम दिने र समुदायस्तरका अभियानहरूमा परिचालन गर्ने

- स्वास्थ्य र सरसफाइ सम्बन्धी सुविधाहरूको निर्माणमा सहजीकरण र अनुगमन गर्ने

- पालिकामा वाश आपूर्ति श्रृंखला स्थापनाका लागि सहयोग गर्ने

- समुदाय स्तरमा बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रम/सप्ताह/दिवसहरु (जस्तैः राष्ट्रिय सरसफाइ सप्ताह, हात धुने दिवस, वातावरण दिवस, शौचालय दिवस, महिनावारी स्वच्छता दिवस, पानी दिवस आदि) मनाउन सहयोग गर्ने

- स्व-मुल्यांकन र मोबाइल एप्लिकेशन मार्फत घरायसी सरसफाइ र स्वच्छता स्थितिको अनुगमन गर्ने

- समुदाय तथा घरायसी सरसफाइ, र व्यक्तिगत सरसफाइ अभ्यासबाट सरसफाइको अवस्था सुधारका लागि सहजीकरण गर्ने

- बाल क्लब/बि.व्य.स./ अविभावक शिक्षक संघहरुको बैठकहरूमा भाग लिई सरसफाइ र स्वच्छता सम्बन्धि सवालहरु उजागर गर्ने; वाश सुविधाहरुको उचित सम्भार तथा ब्यबस्थापनको लागि शिक्षक र विद्यार्थीहरूलाई परिचालन गर्ने

- उपयुक्त बाल, लैङ्गिक र अपाङ्गता मैत्री वाश सुविधा मार्फत अझै राम्रो शैक्षिक वातावरण विकासका लागि विद्यालयसँग समन्वय गर्ने र प्रोत्साहित गर्ने

- स्व-मुल्यांकन र मोबाइल एप्लिकेशन मार्फत शौचालयको प्रयोग/सरसफाइ, उचित हात धुने सुविधा, वालिकाहरूको लागि महिनावारी स्वच्छता/प्याड व्यवस्थापनको अनुगमन गर्ने

- विद्यालयहरू (SMC/PTA/Child Clubs) लाई पूर्ण सरसफाइ सम्बन्धि तालिम दिने र समुदायस्तरमा पूर्ण सरसफाइ अभियानहरूमा परिचालन गर्ने

- सरसफाइ, स्वच्छता र महिनावारी व्यवस्थापन अभ्यासका क्षेत्रमा व्यवहार परिवर्तनका लागि समुदायका मानिसहरू, विद्यालयका छात्रछात्राहरू/शिक्षकहरू, जेष्ठ नागरिकहरू, धामीझाँक्रीहरू/ सामाजिक र धार्मिक अगुवाहरूलाई विभिन्न गतिविधिहरूमा सहजीकरण गर्ने र परिचालन गर्ने

- सरसफाइ, स्वच्छता र मर्यादित महिनावारी ब्यबस्थापन समबन्धि क्रियाकलापहरु कार्यान्वयनमा वाश इकाईलाई सहयोग गर्ने

२. पानीको गुणस्तर प्रवर्द्धन

- योजनाहरूमा खानेपानीको गुणस्तर परीक्षण सुनिश्चित गर्ने र कार्यान्वयनको अनुगमन गर्ने

- घरायसी स्तरमा खानेपानीको गुणस्तर र खेरजाने पानीको घरबारीमा पुन: उपयोग गर्ने सम्बन्धि जानकारी प्रवाह गर्ने

- घरपरिवार र विद्यालयहरूमा पानी शुद्धीकरणका उपायहरु/बिकल्पहरुको प्रबर्धन र प्रोत्साहन गर्ने

३. अन्य

- स्वास्थ्य संस्था र महिला स्वास्थ्य स्वयं सेविकाहरु सँग परामर्श गरि स्वास्थ्य र सरसफाइ सम्बन्धी तथ्यांकहरु अध्यावाधिक गर्ने र यसको विश्लेषण गरी वाश संयोजकलाई प्रतिबेदनका लागि उपलब्ध गराउने

- तर्जुमा गरिएका क्रियाकलापहरु समयमै सम्पन्न गर्न आयोजना टोली, पालिकाका पदाधिकारीहरू र अन्य सरोकारवालाहरूसँग राम्रो सद्भाव र समन्वय कायम गर्ने
- पालिका स्तरमा संचालन हुने मासिक/द्वैमासिक प्रगति समीक्षा/योजना बैठकहरूमा (WASH संयोजकले अनुरोध गरे अनुसार) सहभागी हुने
- सुपरभाइजरद्वारा तोकिएका आयोजनाको परिणामहरुको प्राप्तिसंग सम्बन्धित अन्य कार्य तथा जिम्मेवारीहरु बहन गर्ने